नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

**प्रेस विज्ञप्ति**

EPS प्रणाली अन्तर्गत दक्षिण कोरिया जाने प्रयोजनका लागि भाषा परीक्षा उत्तीर्ण गरी Roster मा रहेका तर विभिन्न कारणले हालसम्म सो अवसर नपाएका व्यक्तिहरूका मागका सन्दर्भमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा माननीय मन्त्री राजेन्द्रसिंह भण्डारीज्यू, श्रीमान् सचिवज्यू समेत मन्त्रालयका उच्चपदस्थ कर्मचारीहरु र वैदेशिक रोजगार विभागका महानिर्देशक तथा EPS प्रणाली अन्तर्गत कोरिया जाने Roster मा रहेका व्यक्तिहरुका प्रतिनीधिहरुको उपस्थितिमा उनीहरुका मागहरू र EPS प्रणालीको वर्तमान अवस्था तथा वैदेशिक रोजगारीका सन्दर्भमा देखिएका समस्याहरूमा विस्तृत छलफल गरियो। सो सम्वन्धमा मन्त्रालयबाट समस्या समाधानार्थ देहाय बमोजिम निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

१) वैदेशिक रोजगारीका लागि EPS प्रणालीबाट कोरिया जान तयार गरिएको Roster को हालको सीमाले रोजगारीको लागि कोरिया जान भाषा परीक्षा पास गरेका तर रोजगारी प्राप्त गर्न नसकेका उम्मेदवारहरू समेत अवसरबाट बञ्चित हुने अवस्था हालको प्रणालीले देखिएकोले Roster मान्य अवधि थप गर्ने विषयमा कोरिया सरकार समक्ष कूटनीतिक पहल मार्फत अनुरोध गर्ने।

२) EPS प्रणाली अन्तर्गत कोरिया जाने Roster मा रहेका व्यक्तिहरूका माग लगायत EPS प्रणाली अन्तर्गत नेपाली कामदारको कोरिया जाने कोटा वृद्धि गर्ने विषयमा आवश्यक कूटनीतिक पहल गर्ने।

३) EPS प्रणाली मार्फत कोरिया जाने Roster मा रहनुभएका व्यक्तिहरूको व्यक्तिगत विवरण रोजगारदातासमक्ष पठाउने प्रक्रिया लगायतका विषयको पारदर्शिता र निष्पक्षता कायम गर्न आवश्यक सुझावसहित सिफारिस गर्नका लागि एक कार्यदल गठन गर्ने।

पिताम्वर घिमिरे
सहसचिव

मितिः २०८२/९/१८

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेब साईटः- www.moless.gov.np